नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(वातावरण व्यवस्थापन शाखा)

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००२८३
web page: www.mofald.gov.np
सिंहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७३/७४
च.नं: १८६

मिति: २०७३।१२।२४

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, काठमाण्डौ, ललितपुर, भक्तपुर
श्री महा/उपमहा/नगरपालिका कार्यालय (सबै )
श्री गाउँपालिका कार्यालय (सबै )

प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयको प.स.७१-०७३/७४, च.नं.६२०७, मिति २०७३/१२/०७ को पत्रबाट श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा मिति २०७३/१२/०४ गते बसेको बैठकका निर्णयहरु कार्यन्वयन गर्न निर्देशन प्राप्त भएकाले तपसिल बमोजिमका निर्णयहरु कार्यान्वयनका लागि आदेशानुसार अनुरोध छ ।

निर्णय नं. ३

वाग्मती सरसफाई महाभियानको २०० औं हप्ताको अनुभव समेतका आधारमा वाग्मती नदीको सरसफाई महाभियान संचानल गर्दा छुट्याइएका प्रत्येक खण्ड र उपखण्डलाई आधार मानि र काठमाण्डौ उपत्यकाका अन्य नदी प्रणाली तथा शाखा नदीहरुको स्थानीय आवश्यकता अनुसार सेक्टर छुट्याई अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति, नगरपालिकाहरु, नेपाल प्रहरी, स्थानीय समुदाय समेतको सक्रियता, समन्वय र साझेदारीमा किनारा एवम् तटीय क्षेत्रका बासिन्दाहरुको नेतृत्व र सहभागितामा आवश्यकता अनुसार वाग्मती सरसफाई तथा संरक्षण समूह वा समिति गठन गरी समुदायको स्वामित्व, नियन्त्रण र निगरानीमा सरसफाईको नियमित कार्य गर्न वाग्मती नदि र अन्य नदि प्रणाली तथा शाखा नदीको क्षेत्रका उपत्यका भित्रका सबै जिल्ला समन्वय समिति स्थानीय तह (नगरपालिका) लाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले परिपत्र गर्ने । उक्त समितिले स्थानीय तह, वडा, अभियन्ताहरु, सामाजिक संघ संस्था, सरकारी निकायसँग सहकार्य गरी नदि क्षेत्रको फोहोरमैला व्यवस्थापन, सरसफाई, हरियाली प्रवर्धन, उद्यान निर्माण एवम् व्यवस्थापन, चेतनामूलक कार्यक्रम लगायतका वातावरण संरक्षण सम्बन्धी कार्यक्रम संचालन गर्न निर्देशन दिने ।

निर्णय नं. ५

देशभरका सम्बन्धित गाउँपालिका एवम् नगरपालिकाहरुले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेटको तर्जुमा गर्दा आ-आफ्नो क्षेत्रभित्रका नदि प्रणालीको सरसफाई, सौन्दर्यकरण र हरियाली व्यवस्थापनसंग सम्बन्धित क्रियाकलापहरुको छनौटलाई उच्च प्राथमिकतामा राख्ने ।

(रमिला भण्डारी)
शाखा अधिकृत

बोधार्थ:

श्री सूचना तथा विद्युतीय शासन शाखा, : वेबसाइटमा upload गर्नु हुन
सं.मा.तथा स्था.वि.म., सिंहदरबार